पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन ९ गते शुक्रबार ❑ 21 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## ज्ञानलाई इमान्दार भएर देश हितमा उपयोग गर्न विद्यार्थीसँग प्रधानमन्त्रीको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन




प्रधानमन्त्री केपी शर्मा ओलीले ज्ञान, दर्शन, योग र खोजको उद्गमस्थल नेपालमा दीक्षित विद्यार्थीले सदैव इमानदार भएर देशका लागि काम गर्नुपर्नेमा जोड दिनुभएको छ।

कास्कीको ढुङ्गेपाटनमा बिहीबार आयोजित पोखरा विश्वविद्यालयको २० औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले आत्मविश्वासका साथ इमानदार भई समाजका लागि सकारात्मक काममा आफूले प्राप्त गरेको ज्ञानको उपयोग गर्न दीक्षित विद्यार्थीसँग आग्रह गर्नुभयो । "इमानदारिताले मात्रै सकारात्मक सफलता पाउन सकिन्छ। बेइमानी गरेर पाएको सफलता समाजका लागि उपयोगी हुँदैन। तपाईंहरूले राम्रो पढेको हो भने पनि त्यसलाई समाजमा नकारात्मकता, चोरी, ठगीजस्ता अपराधका काममा प्रयोग गरेमा त्यसलाई सफलता मान्न सकिँदैन," कुलपति ओलीले भन्नुभयो, "तपाईंहरू समाज र देशका लागि उपयोगी हुनुपर्छ। आफ्ना लागि मात्रै गर्न खोजेमा स्वार्थी भइन्छ। देश र समाजका लागि केही गर्नुस्।

नागरिक सर्वोच्चताको गर्व तपाईंहरूमा होस् ।"उहाँले सानो देशमा छु भन्ने हीनताबोधी भावना नराख्न आग्रह गर्दै कुनै पनि देशको सार्वभौमसत्ता सानो वा ठूलो हुँदैन भन्ने विषयमा स्पष्ट भई सदैव नेपाल र नेपालीलाई केन्द्रमा राखेर काम गरौँ भन्नुभयो। "हात्ती देख्ने बित्तिकै भागेमा माउते हुन सकिँदैन । हात्तीलाई तालिम दिएर माउते हुने कोसिस गर्नुस् । साहसी हुनुस्, दुस्साहासी नहुनुस्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीसँग उर्वर भूमि छ। यसलाई रुपान्तरणकारी विकासमा लान सकिन्छ । यस काममा विश्वविद्यालय लागोस् । सरकार विश्वविद्यालयको साथमा छ ।" समारोहमा कुलपति ओलीले विश्वविद्यालयका विभिन्न सङ्काय र तहका गरी सात हजार ८७२ विद्यार्थीलाई दीक्षित गराउनुभयो।

साथै उहाँले कुलपति पदकबाट सर्वोत्कृष्ट विद्यार्थीलाई पुरस्कृत पनि गर्नुभयो । पोखरा महानगरपालिका-३०ढुङ्गेपाटनस्थित विश्वविद्यालयको केन्द्रीय कार्यालयमा आयोजित विशेष समारोहबीच विश्वविद्यालयका कुलपति एवम् प्रधानमन्त्री केपी शर्मा ओलीले विद्यार्थीहरूलाई दीक्षित गराउनुभएको हो।

सो विश्वविद्यालयअन्तर्गतका विभिन्न क्याम्पसबाट स्नातक, स्नातकोत्तर र विद्यावारिधि तह उत्तीर्ण गरको विद्यार्थी बिहीबार दीक्षित भएका हुन् । पोखरा विश्वविद्यालयअन्तर्गत देशभर सञ्चालित क्याम्पसहरूबाट विभिन्न ६८ विधामा करिब ४० हजार विद्यार्थी अध्ययनरत रहेको सो विश्वविद्यालयले जनाएको छ।

## मुलुकमै केही गर्नुपर्छ भन्ने भाष्यलाई बलियो गरी स्थापित गर्नु आवश्यक छः अध्यक्ष दाहाल

पोखरापत्र संवाददाता
गोरखा, ८ फागुन



नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाललाई समृद्ध देश बनाउन सकिने आधार तयार हुँदै गएको बताउनुभएको छ।

गोरखाको पालुङटार नगरपालिका-१०, मिरकोटमा आजदेखि सुरु भएको चौथो मिरकोट कोटगढी महोत्सव-२०८१ को उद्घाटन गर्नुहुँदै उहाँले देशभित्रै रोजगारीका अवसर सिर्जना गर्न योजनाबद्ध पहल थालिएको बताउनुभयो। "कृषि उत्पादन, पर्यटन विकास र आर्थिक क्रियाकलाप बढाउँदै युवाका लागि देशभित्रै रोजगारीका अवसर सिर्जना गर्न हाम्रो पार्टीले पनि योजनाबद्ध पहल थालेको छ", अध्यक्ष दाहालले भन्नुभयो, "नेपालमा धेरै कुराको सम्भावना रहेकाले युवालाई आफ्नै देशमा केही गर्नुपर्छ भन्ने भाष्यलाई बलियो गरी स्थापित गर्नु आवश्यक छ।" उहाँले देशमा कृषि क्षेत्रमार्फत रोजगारीका थुप्रै सम्भावना हुँदाहुँदै पनि गाउँहरू विस्तारै युवाविहीन हुँदै जानु, खेतीयोग्य जमिन बाँझो हुँदै जानु डरलाग्दो अवस्था भएकाले सबैपक्ष गम्भीर हुनुपर्ने बेला आएको उल्लेख गर्नुभयो । "आमजनताले आफ्ना छोराछोरीलाई विदेश होइन, आफ्नै माटोमा केन्द्रित गर्नेगरी सोच्ने बेला आएको छ", अध्यक्ष दाहालले भन्नुभयो, "राज्यले योजनाबद्ध पहल अघि बढाउने हो भने केही वर्षभित्र नेपाललाई सम्पन्न देश बनाउन सकिने प्रशस्त आधार बढ्दै गएको छ।" आफूले सरकारको नेतृत्व गर्दा महत्त्वपूर्ण कामको थालनी गरेर नेपाली जनतालाई आशावादी बाटोमा अघि बढाउन सफल भएको भन्दै उहाँले स्पष्ट दृष्टिकोणका साथ काम गर्ने हो भने हाम्रै जीवनमा परिवर्तन सम्भव छ भन्ने उदाहरण दिनसक्ने गरी धेरै क्षेत्रमा सुधारको थालनी गरेको दाबी गर्नुभयो। "मैले सरकारले नेतृत्व गर्दा जलविद्युत् विकासमा जे योगदान गरेँ, त्यसले यो पुस्तालाई मात्र होइन, अर्को पिँढीलाई पनि समृद्ध बनाउने खाका तयार भएको छ", अध्यक्ष दाहालले भन्नुभयो, "नेपाललाई विद्युत् भार कटौतीमुक्त बनाउने मात्र होइन, १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात सम्झौतादेखि देशभित्र निजी क्षेत्रसँग विद्युत् उत्पादनको सम्झौता मैले थालेका नमुना काम हुन्।"

## घर-घर पुगेर जनता भेट्दै एमाले, कास्कीमा शुक्रबारदेखि अभियानको सुरुवात

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन

संगठन विस्तारको उद्देश्यसहित नेकपा (एमाले)ले थालेको वडा केन्द्रीत पार्टी निर्माण अभियान २०८१ कास्कीमा शुक्रबारदेखि सुरू हुँदैछ।

टोलसम्म पार्टी कमिटी विस्तार गर्ने, सदस्यता नवीकरण तथा वितरण गरेर संगठन विस्तार गर्ने पार्टी केन्द्रीय कमिटीको उद्देश्यअनुसार कास्कीमा शुक्रबारदेखि तीन महिना लामो अभियान सुरू गर्न लागिएको हो।

अभियानको सुरूआत जिल्लाका एमाले नेता-कार्यकर्तालाई अभिमुखीकरण गराएर हुने नेकपा (एमाले)कास्की अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्रीले जानकारी दिए । पोखरा सभागृहमा शुक्रबार बिहान ठिक ११:१५ बजे यो कार्यक्रम सुरू हुनेछ। कार्यक्रममा सहभागी हुन पार्टी महासचिव शंकर पोखरेल पोखरा आउँदै छन्। त्यस्तै उक्त कार्यक्रममा उपमहासचिव एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरूङ, सचिव पद्मा अर्याल, स्थायी कमिटी सदस्य एवं गण्डकी इन्चार्ज किरण गुरूङ, स्थायी कमिटी सदस्य खगराज अधिकारी वक्ता रहेको अध्यक्ष अधिकारीले जानकारी दिए।

अभिमुखीकरणमा पार्टीको कास्की जिल्लाभित्रको सबै कमिटी र जनवर्गीय संगठनका पदाधिकारी र सदस्य, पार्टीका संगठित सदस्य सहभागी हुने नेकपा (एमाले)कास्की सचिव दर्शन लामाले जानकारी दिए । तीन महिनाको अवधिमा टोलमै पुगेर जनतासँग भेट्ने, सुझाव संकलन गर्ने, सदस्यता नवीकरण र वितरण गर्ने, वडा तहमा जनसंगठन विस्तार गर्नेलगायत गतिविधि गरिने उनले बताए । 'सरकारले काम नै नगरेको भनेर भ्रम छर्ने काम भएको छ। हामी अरू कसैलाई नराम्रो भन्दैनौं, गाली गर्दैनौं।

वर्तमान सरकारले गरेका कामको प्रचार गर्छौं,' सचिव लामाले भने, 'हाम्रो पार्टीका जनप्रतिनिधिले नेतृत्व गर्नुभएको वडाले गरेका काम पनि पार्टीले अपनत्व लिएर प्रचार गर्छ।' सबै कमिटीमा युवाको सहभागिता एक तिहाइ बनाउने, सम्बन्धित वडाको कुल मतदाताको ६ प्रतिशत पार्टी सदस्य बनाउने लक्ष्य अभियानको रहेको उनले सुनाए। अभियानको क्रममा जनताका सुझाव संकलन गर्दा प्राप्त हुने समस्याको वडागत समीक्षा गर्ने र जिल्लाले समाधानको रणनीति बनाउने सचिव लामाले बताए।

## आगामी चुनावअघि नै कांग्रेसको महाधिवेशन गर्नुपर्छ : नेता डा कोइराला



रासस
काठमाडौं, ८ फागुन

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले आगामी निर्वाचन अघि नै पार्टीको महाधिवेशन गर्नुपर्ने बताउनुभएको छ।

सुर्खेतमा बिहीबार नेपाली कांग्रेसले आयोजना गरेको कार्यक्रममा नेता डा कोइरालाले भन्नुभयो, "अहिले कांग्रेस पूरै संस्थापन पक्ष हो। हामी सबै एउटै हो । कांग्रेसको विधानअनुसार समयमै महाधिवेशन गर्नुपर्छ । चुनावपछि महाधिवेशन गरे पार्टी कमजोर हुन्छ।" नेता डा कोइरालाले आगामी महाधिवेशनमा आफू सभापति पदको उम्मेदवारका रुपमा अघि बढेको बताउनुभयो। उहाँले भन्नुभयो, "सबै एकजुट भएर अगाडि बढ्नुपर्ने अवस्था आएको छ। सरकार पनि यसमा गम्भीर बन्नुपर्छ।" अहिलेको सत्तागठबन्धनलेसातबुँदेसमझदारी गरेको तर त्यो कार्यान्वयन हुन नसकेको नेता डा कोइरालाको भनाइ थियो। दुई ठूला दल मिले निरङ्कुशता हुन्छ भन्ने कुरा गलत भएको उहाँले बताउनुभयो । कांग्रेस सत्तामा भए पनि आफूहरुले खबरदारी गरिरहेको उहाँले बताउनुभयो।

## महानगरका प्रमुख आचार्य डिस्चार्ज

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य बिहीबार अस्पतालबाट डिस्चार्ज हुनुभएको छ।

कीर्तिपुरस्थित कीर्तिपुर अस्पतालमा उपचाररत रहनुभएका आचार्यलाई उहाँको स्वास्थ्यमा सुधार देखिएपछि बिहीबार डिस्चार्ज गरिएको अस्पतालका निर्देशक डा किरणकिशोर नकर्मीले जानकारी दिनुभयो।

"प्रमुख आचार्यको स्वास्थ्य अवस्थामा सुधार भएपछि डिस्चार्ज गरिएको हो", उहाँले भन्नुभयो, "फलोअपका लागि उहाँलाई पुनः बोलाएका छौँ।" यही फागुन ३ गते पोखरामा आयोजित 'पोखरा भ्रमण वर्ष-२०२५' को औपचारिक घोषणा कार्यक्रममा बेलुन विस्फोट हुँदा उपप्रधान तथा अर्थतन्त्री विष्णुप्रसाद पौडेल र प्रमुख आचार्य घाइते हुनुभएको थियो।


मन्त्री पौडेल यसअघि नै डिस्चार्ज भइसक्नुभएको छ।

## पृथ्वी राजमार्गको पूर्वी खण्डमा ७७ दशमलव सात प्रतिशत प्रगति

पोखरापत्र संवाददाता
तनहुँ, ८ फागुन

मुग्लिन-पोखरा सडकअन्तर्गत पृथ्वी राजमार्गको पूर्वी खण्डमा सडक विस्तार कार्य ७७ दशमलव सात प्रतिशत भौतिक प्रगति भएको छ।

पूर्वी खण्डमा पर्ने ४१ दशमलव ४५ किलोमिटर दूरी सडकमध्ये ७२ दशमलव एक किमी सडक कालोपत्र गरिएको हो। त्यसमा ३४ दशमलव पाँच चार लेन र तीन दशमलव एक दुई लेन सडक कालोपत्र गरिएको हो । आयोजनाका अनुसार ४४ किमी सडकमा दोस्रो (अन्तिम चरण) को कालोपत्र भएको छ । सोमा १५ दशमलव छ चारलेन र १२ दशमलव ७३ किलोमिटर दुई लेन रहेको आयोजनाको पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। पहिलो चरणमा छ सेन्टिमिटर मोटाइको सडक कालोपत्र गरिएको थियो । दोस्रो चरणमा चार सेमी गरी कुल १० सेन्टिमिटरको सडक कालोपत्र हुनेछ । जिल्लाको आँबुखैरेनी गाउँपालिकाको मार्कीचोकबाट 'डबल लेयर'को कालोपत्र कार्य अघि बढाउनाका साथै कालोपत्र नगरिएका स्थानमा पनि काम सुरु गरिएको उहाँले बताउनुभयो। "दुईतर्फी सडकमध्ये एकतर्फी कालोपत्र भई बाँकी रहेका अर्को सडक साइडमा पनि कालोपत्रको कार्य अघि बढाइएको छ", उहाँले भन्नुभयो, "जिल्लाको सदरमुकाम दमौली खण्डमा अहिले सडक विस्तार कार्यले गति लिइरहेको छ।" पृथ्वी राजमार्गको पूर्वी खण्डमा पर्ने आँबुखैरेनी-जामुने विसं २०७७ माघ १७ गते चाइना कन्स्ट्रक्सन कम्पनी कर्पोरेसनले रु छ अर्ब २१ करोड ३१ लाखमा ठेक्का सम्झौता गरेको थियो। विसं २०८१ वैशाखसम्म काम सम्पन्न गर्नेगरी सम्झौता गरिएको थियो । हाल पुनः म्याद थप गरी निर्माण कार्यलाई निरन्तरता दिइएको छ । एसियाली विकास बैङ्क एडिबीको ऋण सहयोगमा चार लेनमा सडक विस्तार भइरहेको हो।



# पर्यटन प्रवर्द्धनका लागि टान गण्डकीको पहल

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) गण्डकीले पर्यटन प्रवर्द्धनका लागि पहल गरिरहेको छ।

यसै सन्दर्भमा टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यसहित पदाधिकारीहरूको टोलीले हालै काठमाडौंमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका पर्यटन सचिव विनोद प्रकाश सिंह, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी निर्देशक दीपकराज जोशी, उपाध्यक्ष कमल सापकोटा, वरिष्ठ अधिकृत कुन्दन मिश्र तथा टान केन्द्रका अध्यक्ष सागर पाण्डेसँग भेटघाट तथा छलफल गरेको छ।

भेटका क्रममा टान गण्डकीले पोखरालाई विश्वस्तरीय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न आवश्यक पूर्वाधार, सेवा तथा व्यवस्थापनका चुनौतीबारे जानकारी गराउँदै तिनको समाधानका लागि सरकार तथा सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराएको थियो।



पोखरा प्राकृतिक सुन्दरताले भरिपूर्ण मात्र नभई साहसिक पर्यटनका लागि पनि प्रसिद्ध गन्तव्य हो। तर, काठमाडौं-पोखरा यातायातको अवस्था, अन्तर्राष्ट्रिय उडानको सीमितता, पर्यटकीय स्थलहरूको संरक्षण अभाव, पर्यटन व्यवस्थापनमा देखिएका कमजोरी तथा प्राकृतिक चुनौतीहरूका कारण अपेक्षित प्रतिफल हासिल गर्न कठिन भइरहेको बारे टानले जानकारी गराएको छ । टान गण्डकीले ट्रेकिङ म्यानेजमेन्ट इन्फर्मेशन सिस्टम (तक्ष्ःक) को प्रभावकारी कार्यान्वयन, पदमार्गहरूको खोजी तथा प्रवर्द्धन, दुर्घटना न्यूनीकरण, गाइड र पोर्टरहरूको सुरक्षित रोजगारी सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याउँदै यसबारे सरकारलाई विशेष पहल गर्न आग्रह गरेको छ। साथै, गण्डकी प्रदेशका ११ जिल्लालाई समेट्ने गरी पदमार्गहरूको विस्तारको योजना अघि सार्दै यसलाई छिटो कार्यान्वयन गर्न सम्बन्धित निकायसँग आग्रह गरेको छ। पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको लामो समय भए पनि अन्तर्राष्ट्रिय पर्यटकहरूको चाप अपेक्षाकृत रूपमा बढ्न नसकेको टान गण्डकीको निष्कर्ष रहेको छ। पर्यटकीय सेवा तथा वस्तुहरूको प्रवर्द्धनमा अझै व्यवस्थित मार्केटिङको अभाव रहेको र अन्तर्राष्ट्रिय स्तरमा पर्याप्त प्रचार-प्रसार नहुँदा पोखरा विदेशी पर्यटकहरूको मुख्य गन्तव्य बन्न नसकेको कुरामा छलफल भएको थियो। यस अवस्थालाई सुधार गर्न पोखराको अन्तर्राष्ट्रिय ब्रान्डिङ आवश्यक रहेको र त्यसका लागि अन्तर्राष्ट्रिय प्रमोशनल भ्रमणहरू आयोजना गर्नु पर्ने टान गण्डकी टोलीको धारणा थियो । सम्बन्धित निकायहरूले पोखराको पर्यटन प्रवर्द्धनका लागि दीर्घकालीन योजना बनाउनुपर्ने माग समेत प्रस्तुत गरिएको छ। यस छलफलले पोखराको पर्यटन विकासका लागि नीति निर्माण तहमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ। पर्यटन क्षेत्रका सरोकारवालाहरूको सामूहिक प्रयासले मात्र पोखरालाई विश्वस्तरीय गन्तव्यका रूपमा उभ्याउन सकिनेमा टान गण्डकी प्रतिबद्ध रहेको छ।

# भद्रकाली माविमा सभाहलको शिलान्यास

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माध्यमिक विद्यालयमा सभाहल र पुस्तकालय निर्माणका लागि प्रतिनिधि सभाका सासंद शिव नेपालीले वुधवार शिलान्यास गरे। संघिय सरकारवाट स्वीकृत एक करोड रकमबाट सभाहल निर्माण गर्न लागिएको हो।

सासंद तथा भद्रकली माविका भूपू विद्यार्थी शिवले कक्षा ४ सम्म अध्ययन गरेको विद्यालयमा समन्वय गरी बजेट पार्न सफल भएकोका खुशी व्यक्त गरे। भद्रकाली माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोकवहादुर कार्कीले स्कूलको विगत देखी वर्तमान सम्मको चर्चा गरे। विद्यालयका प्रधानाध्यापक



यदुराज पगेनीले स्वागत गरेको कार्यक्रममा भूपू शिक्षीका शारदा सिग्देल पराजुली लगायत वालेको कार्यक्रममा विद्यालयका निवर्तमान प्रधानाध्यापक राजेन्द्र भण्डारीले भद्रकाली विद्यालयको वारेमा जानकारी दिए।

सो कार्यक्रमको संचालन विद्यालयका सहायक प्रधानाध्यापक प्रदिप भण्डारीले संचालन गरेका थिए।

# रास्वपाले सातै प्रदेशमा सर्वाङ्गीण संवाद गर्ने

**रासस**
काठमाडौं, ८ फागुन

काठमाडौं, ८ फागुनः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सातै प्रदेशमा राष्ट्रिय तथा सामाजिक जीवनमा महत्वपूर्ण योगदान दिएका व्यक्तित्वलाई भेटघाट/संवाद गर्नेगरी सर्वाङ्गीण संवादको तयारीका लागि प्रदेश समितिलाई निर्देशन दिएको छ।

पार्टीका केन्द्रीय पदाधिकारीहरुको संलग्नतामा फागुन तेस्रो सातादेखि सातै प्रदेशमा सर्वाङ्गीण संवाद गर्ने निर्णय बिहीबार बसेको रास्वपाको सचिवालय बैठकले गरेको कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले राससलाई जानकारी दिनुभयो। बैठकमा पार्टी कार्यवाहक सभापति डोलप्रसाद अर्याल र उपसभापति डा स्वर्णिम वाग्लेले समसामयिक राजनीतिक परिस्थितिकाबारे समीक्षा प्रस्तुत गर्नुभयो। पार्टीले सदनमा उठाउनुपर्ने प्रधान राष्ट्रिय मुद्दा र जनजीविकाका सवालमा सुझाव लिँदै सदनलाई जनता र राष्ट्रप्रति थप जवाफदेही बनाउन प्रयत्नशील रहने विषयमा छलफल गरिएको थियो। बैठकले पार्टीका विविध गतिविधिलाई प्रभावकारी रुपमा सञ्चालन गर्न प्रवास नेपाली सम्पर्क विभाग नियमावली २०८१, निर्वाचन आयोगको नियमावली २०८१, र्‍यापिड एक्सन टिम (र्‍याट) नियमावली २०८१, पालिका अधिवेशन कार्यविधि २०८१ र सम्पर्क विभाग नियमावली २०८१ पारित गरेको पनि उहाँले सुनाउनुभयो।

पार्टीका केन्द्रीय सदस्यको राजनीतिक अभिमुखीकरणका लागि यही फागुन ९ र १० गते आयोजना हुन लागेको केन्द्रीय प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक तयारी भएको र क्रमशः प्रदेश, जिल्ला र पालिका तहसम्म यस्तो प्रशिक्षण सञ्चालन गर्दै जाने रास्वपाले जनाएको छ।

# सार्वजनिक शिक्षा सुदृढीकरणमा गण्डकी प्रदेश सरकार प्रतिबद्ध: मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा व्यावसायिक शिक्षा प्रणाली निर्माण गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन्।

विहिबार पोखरामा एनसिई नेपालद्वारा आयोजित "गण्डकी प्रदेश स्तरीय सार्वजनिक शिक्षा सम्मेलन २०८१" लाई सम्बोधन गर्दै मन्त्री थापाले शिक्षा सुधारका लागि नीति निर्माण मात्र नभई प्रभावकारी कार्यान्वयन आवश्यक रहेको उल्लेख गरे। उनले प्रदेशभर सार्वजनिक शिक्षाका अवसर, चुनौती तथा




आवश्यक रणनीतिबारे गहन छलफल गरिएको जानकारी दिए।

"शिक्षा कुनै एक संस्था वा निकायको मात्र दायित्व होइन, यो सरकार, सरोकारवाला निकाय, शिक्षाविद्, शिक्षक, विद्यार्थी तथा अभिभावक सबैको साझा प्रयासको परिणाम हो। सार्वजनिक शिक्षालाई सुदृढ गर्न यस्ता बहस र विचार-विमर्श अत्यन्त आवश्यक छन्", उनले भने।

गुणस्तरीय शिक्षाका लागि गण्डकी प्रदेश सरकारले प्रभावकारी नीति तथा कार्यक्रममार्फत सुधार ल्याउने योजना अघि बढाइरहेको उनले उल्लेख गरे। "सबै बालबालिकाले समान अवसरसहित शिक्षाको पहुँच प्राप्त गर्ने वातावरण सिर्जना गर्नु हाम्रो प्रमुख लक्ष्य हो", उनले थपे। मन्त्री थापाले शिक्षा क्षेत्रमा सुधार ल्याउन सरकार, शिक्षा क्षेत्रमा क्रियाशील संघसंस्था, शिक्षक, विद्यार्थी, अभिभावक तथा समुदायको सहकार्य आवश्यक रहेकोमा जोड दिए। उनले यस्ता सम्मेलनहरूले नीति निर्माण र कार्यान्वयनमा प्रभावकारी योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दै सम्मेलन सफल बनाउन भूमिका खेलेका सम्पूर्ण सहभागी, आयोजक संस्था तथा सरोकारवालालाई धन्यवाद ज्ञापन गरेका छन्।


## साइवर अपराधबाट बचौं।

- सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लील श्रव्य, दृष्य वा श्रव्यदृष्य पोष्ट वा शेयर, लाईक नगरौं,
- सामाजिक सञ्जालमार्फत कसैको चरित्रहत्या नगरौं,
- सामाजिक सञ्जालमार्फत अमर्यादित कार्य नगरौं,
- सामाजिक सञ्जाल मार्फत गालीगलौज नगरौं,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
- विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौं।

*यस्तो कार्य गर्ने गराउनेलाई कानूनी कारवाही हुन्छ। कानूनी कारबाहीबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


# निर्वाचन क्षेत्रको विकासमा समय दिने अध्यक्ष दाहालको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
गोरखा, ८ फागुन

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गोरखा जिल्ला र आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि समय दिने प्रतिबद्धता जनाउनुभएको छ। गोरखा क्षेत्र नं २ बाट प्रतिनिधिसभामा निर्वाचित पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका उहाँले बिहीबार गोरखा नगरपालिका- १४ गोप्लिङस्थित सहिद परिवारसँगको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै चुनाव जितेर गएपछि आफ्नो निर्वाचन क्षेत्रमा चाहे जति समय दिन नसकेकाले अब बाँकी समय निर्वाचन क्षेत्रको विकास निर्माणलाई दिने प्रतिबद्धता जनाउनुभयो।

अध्यक्ष दाहालले सहिदहरूको बलिदानका कारण नै देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना सम्भव भएको बताउनुभयो। परिवर्तनका लागि ज्यानको बलिदान दिने सहिदहरू देशको साझा सम्पत्ति भएको उहाँले उल्लेख गर्नुभयो। अध्यक्ष दाहालले १० वर्षे सशस्त्र सङ्घर्षका क्रममा एकै घरबाट तीन जनाले ज्यान गुमाएका गोरखा नगरपालिका-१४ गोप्लिङस्थित सहिद गुप्तबहादुर नहर्की, सरस्वती नहर्की र कल्पना नहर्कीको परिवारसँग भेट गर्नुभएको हो। आजै उहाँले पालुङ्टार-८, स्थित जनयुद्धका क्रममा ज्यान गुमाउनु भएका सहिद वीरेन ओलियाको परिवारसँग पनि भेटघाट गरी सहिद परिवारको अवस्थाको बारेमा जानकारी लिनुभयो। अध्यक्ष दाहाल गोरखा नगरपालिका-१०, स्थित मिरकोटमा सुरु हुन लागेको मिरकोटगढी महोत्सवको उद्घाटन गर्न बिहीबार गोरखा आइपुग्नु भएको हो।


## कर्मचारी आवश्यकता

**यस सहकारीका लागि तपशिल बमोजिमको पदमा योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।**

**पदः प्रबन्धक**
**सख्याः** १
**न्युनतम शैक्षिक योग्यताः** वाणिज्य वा अर्थशास्त्र विषय लिई स्नातक उत्तीर्ण वा सो सरह उत्तीर्ण।
**उमेरः** २५ वर्ष पुरा भै ५० वर्ष ननाघेको
**अनुभवः** सहकारी वा वित्तीय क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव प्राप्त वा प्रशिक्षार्थी तालिम लिएको।
**दरखास्त दिने अन्तिम मितिः** २०८१/११/२३ गते दिनको ३ बजेभित्र
**सेवासुविधाः** आपसी समझदारीमा
**नोटः** छनोट सूचिमा परेका उमेद्वारलाई मात्र परीक्षामा समावेश गराईने छ।
: तल उल्लेखीत ईमेल मार्फत पनि दरखास्त दिन सकिने छ।

**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-१३, बाँझापाटन**
**सर्पक : ०६१-५८३८११, ५९०६७२, ९८५६०६६८११**
Email: kamalpokharisaving@gmail.com



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन वहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


# अन्तर्राष्ट्रिय महिला फुटबल: नेपाल फाइनल

**रासस**
काठमाडौं, ८ फागुन

नेपाल अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा बिहीबार सम्पन्न खेलमा लेबनानलाई १-० गोलअन्तरले पराजित गर्दै नेपाल एक खेलअगावै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको हो।

प्रतियोगितामा म्यानमार पनि एक खेलअगावै फाइनलमा प्रवेश गरिसकेको छ। आजै भएको पहिलो खेलमा म्यानमारले किर्गिस्तानलाई ५-० गोलअन्तरले पराजत गरेको थियो।

नेपालको जितमा सावित्रा भण्डारी नायक बनिन्। खेलको ४२ औं मिनेटमा सावित्राले प्रहार गरेको बल लेबनानी खेलाडी फराहलाई डिफ्लेक्ट हुँदै गोलमा परिणत भएको थियो। यस नतिजासँगै नेपालले ६ अङ्क बटुलेको छ। चार देश सहभागी प्रतियोगितामा नेपालले यही फागुन ११ गते म्यानमारसँग खेल्नेछ। उक्त खेल साँझ ६ बजे हुनेछ। त्यस्तै सोही दिन दिउँसो २ बजे हुने पहिलो खेलमा लेबनान र कीर्गिस्तानबीच प्रतिस्पर्धा हुनेछ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# परिस्थिति भड्किन नदेऊ

ताप्लेजुङको पाथीभरामा केबलकार बनाउने र नो केबलकार पक्षबीच प्रदर्शन भइरहेको छ। पटकपटक भएका प्रदर्शन दुवैतर्फबाट परिस्थिति विगार्ने काम भएको छ। केबलकार बनाउनै नदिने पहिचानवादीको आन्दोलन अराजक बन्दै गएको छ। जसरी पनि बनाएरै छोड्छौ भन्ने पक्षले संवादमा भन्दा शक्ति प्रदर्शनमा लागेको छापाथीभरामा केबलकार बनाउनुपर्छ भन्ने पक्षले सद्भाव र्‍याली निकालेको लगत्तै नो केबलकार पक्षलाइ साथ दिन राजेन्द्र महतोले गरेको प्रदर्शन पछि स्थिति फेरि भड्किन पुगेको छ। पहिलेको प्रदर्शनमा आन्दोलनकारी र सुरक्षाकर्मी दुवैतर्फ घाइते हुने अवस्था साम्य हुन नपाउँदै त्यही प्रबृत्ति दोहोरिनु विडम्बना हो।

ताप्लेजुङमा 'नो केबलकार' पक्षधरले केबलकार निर्माणको संरचना तोडफोड गरेका छन्। सो स्थान कब्जामा लिन खोजेपछि प्रदर्शनकारी र सशस्त्र प्रहरीबीच दोहोरो झडपसमेत भएको छ। एपीएफको टोलीले स्थिति नियन्त्रणमा लिन दर्जन बढी अश्रुग्यास प्रहार गरेको छ। जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका अनुसार पाथीभरा क्षेत्रमा निर्माण भइरहेको केबलकार निर्माण रोक्न माग गर्दै नो केबलकार पक्षले बिहीबार पदयात्रा आयोजना गरेको थियो। पदयात्रामा आएकाहरूले केबलकार निर्माणस्थलमा रहेका निर्माण समाग्रीहरू कब्जामा लिन खोजेपछि सशस्त्र प्रहरीले रोकेको थियो। सो क्रममा केबलकारविरोधी समूहले ढुंगामुढा गरेको प्रहरी नायब निरीक्षक रवी रावलको भनाइ छ। केही छिन तनावग्रस्त बनेको सो क्षेत्र अहिले सामान्यतर्फ फर्किँदैछ। आन्दोलनकारीले केबलकार निर्माणस्थलको माथि पाखाबाट अन्धाधुन्ध ढुंगा प्रहार गरेपछि प्रहरीले अश्रुग्यास प्रहार गरेको भिडिओमा देखिन्छ। त्यस्तै उनीहरुले कामदारलाई काम छाडेर नहिडे क्षति भोग्नुपर्ने चेतावनी दिएका थिए।

निर्माणस्थल कब्जा गर्ने उद्देश्यले अघि बढेका पहिचानवादी आन्दोलनकारीलाई रोक्न खोज्दा ढुंगा हानेर तोडफोडमा उत्रिएपछि उनीहरुलाई पछि हटाइएको प्रहरीले जनाएको छाप्रहरीले बल प्रयोग गर्ने अवस्था सृजना जिल्ला बाहिरकाले बनाउन खोजेका छन।संविधान जारी गर्ने बेला टिकापुरमा बाहिरबाट गएर अवस्था उत्तेजित बनाउने काम गरेका थिए ।अहिले त्यसबाट पाठ सिकेर संवाद र छलफलका लागि दबाबको खाँचो छ। संयम र सहमतिका लागि भूमिका खेल्नुपर्नेहरु अहिल्यै पक्ष र विपक्षमा उत्रिनु हतारो हो। फेरि पनि संवादका माध्यमबाट आ आफ्ना विचार राख्ने र सहमतिमा पुग्ने काम आवश्यक छ। आधुनिक प्रविधिको प्रयोग गरेर भक्तजनले पाथीभरा मन्दिरमा पुग्न सकुन भन्ने भावनाको विकासका लागि सबैका कुरा सुन्ने परिस्थिति निर्माण आजको आवश्यकता हो।

# प्रकृति लम्साल मृत्युबारे छानबिन गर्न पत्राचार

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

राष्ट्रिय मानवअधिकार आयोगले भारतको ओडिसा राज्यको भुवनेश्वरस्थित कालिंगा इन्सिटच्युट अफ इन्डष्ट्रियल टेक्नोलोजी (केआइआइटी) विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थी प्रकृति लम्साल मृत्यु भएको घटनाबारे छानबिन गर्न भारतको राष्ट्रिय मानवअधिकार आयोगलाई पत्राचार गरेको छ।

आयोगका सहप्रवक्ता श्यामबाबु काफ्लेले विश्वविद्यालयको छात्रावासमा मृत भेटिएको घटनाको सम्बन्धमा नेपाली विद्यार्थीले सत्यतथ्य छानबिन गर्न माग गर्दा उनीहरुमाथि भएको कुटपिट र दुर्व्यवहाबारे छानबिनका लागि भन्दै पत्राचार गरेको बताउनुभयो। उहाँका अनुसार पत्रमा शंकास्पद मृत्युको घटनाको अनुसन्धान गरी पीडितलाई न्याय प्रदान गर्न, विश्वविद्यालयमा कुटपिट भएका र दुर्व्यवहारमा परेका विद्यार्थीलाई शीघ्र न्याय प्रदान गर्न, अध्ययनरत नेपाली विद्यार्थीहरूको पूर्ण सुरक्षाको प्रत्यभूति गर्दै भयरहित वातावरणमा अध्ययन गर्न पाउने अवस्था सुनिश्चित गर्न, घटनामा संलग्न विश्वविद्यालयका अधिकारीहरु तथा व्यक्तिहरुलाई कानुनी दायरामा ल्याइ उत्तरदायी बनाउन माग गरिएको छ।

आयोगले यही फागुन ७ गते राष्ट्रिय मानवअधिकार आयोग भारतलाई पत्राचार गरेको जनाएको छ। साथै प्राप्त उजुरीको आधारमा आयोगले भारतस्थित नेपाली दूतावास र अन्य माध्ययमबाट घटना र विद्यार्थीको अवस्थाका बारेमा जानकारी लिइरहेको जनाएको छ।

# कालीगण्डकी नदी संरक्षणका लागि पाँचबुँदे घोषणापत्र जारी

**पोखरापत्र संवाददाता**
दमौली, ८ फागुन

तनहुँको देवघाट गाउँपालिका-५ स्थित महेश सन्यास आश्रम रामानन्द अनुसन्धान केन्द्रको आयोजनामा सम्पन्न गण्डकी सभ्यताको संरक्षणका निम्ति गण्डकी विमर्श सभाले कालीगण्डकी नदी संरक्षणका लागि पाँचबुँदे 'गण्डकी घोषणापत्र' जारी गरेको छ।

उक्त पाँचबुँदे घोषणामा पवित्र कालीगण्डकी नदीलाई संसारभरका हिन्दू सनातनीको सांस्कृतिक सम्पदा र नेपालको राष्ट्रिय नदीका रूपमा स्थापित गर्न अभियान सञ्चालन गर्ने, कालीगण्डकीको प्राकृतिक स्वरूप र अविरल स्वच्छ प्रवाह सुरक्षित गर्ने, गण्डकीको तल्लो तटीय क्षेत्रसम्म शालग्रामको निर्बाध उपलब्धतामा बाधा-व्यवधान गर्ने मानवीय अतिक्रमण र दोहनको विरोध गर्ने, गण्डकीका गर्भक्षेत्रमा हुने मानवीय प्रदूषण (फोहोर, मैला, मल-मूत्र विसर्जन) को निराकरणका निम्ति जनचेतनाका कार्य गर्ने तथा कृष्णागण्डकीको दुर्लभ महत्व र सौन्दर्यको प्रचार-प्रसार गरी धार्मिक पर्यटनको प्रवर्द्धनका निम्ति सन्तहरूको अगुवाइमा कृष्णागण्डकी पदयात्रा आयोजना गर्ने उल्लेख छ।

वैदिक चेतनाका मूल स्रोत हिमवत्खण्डका पावन हिमशृङ्खलाबाट निःसृत, संसारका सनातनी हिन्दू समुदायको आस्थाको केन्द्र, पवित्र कृष्णागण्डकीको प्राकृतिक स्वरुप र अविरल स्वच्छ प्रवाहलाई संरक्षण गर्दै गौरवशाली गण्डकी सभ्यताको प्रवर्द्धन गर्ने उद्देश्यले आश्रममा विमर्श सभा गरिएको महेश संस्कृत गुरुकुलका प्राचार्य फणीन्द्र पौडेलले जानकारी दिनुभयो। कार्यक्रममा कालीगण्डकी नदीका बारेमा विद्यावारिधि गर्ने संरक्षणकर्ता डा कुलराज चालिसेले कालीगण्डकी डाइभर्सनले पार्ने प्रभाव र असर, संरक्षणकर्मी रचना भट्टराईले कालीगण्डकी र शालिग्रामको महत्व, संरक्षणकर्मी अदिप्त गिरीले कालीगण्डकीमा मानवीय अतिक्रमण र त्यसले पारेको प्रभावको विषयमा, पृथ्वीनारयण क्याम्पस पोखराका प्राध्यापक डा रामचन्द्र बरालले कालीगण्डकीका तटवर्ती क्षेत्रमा हुने आध्यात्मिक चिन्तनका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। रामानन्द अनुसन्धान केन्द्र पूर्वीय संस्कृति, धर्म, दर्शन, सभ्यता र ज्ञानविज्ञानको अध्ययन अनुसन्धानका निमित्त खोलिएको तथा विगतका दिनमा पूर्वीय वाङ्मय र सभ्यतासँग सम्बन्धित विचार-विमर्श गर्दै आएको छ। विमर्श सभामा कालीगण्डकी नदीको प्रचार-प्रसार, संरक्षण र संवर्द्धनमा लागिपरेका अभियानकर्मी, सरोकारवाला, स्थानीय निकाय, मठमन्दिर आश्रम तथा स्थानीय जनसमुदायको सहभागिता रहेको थियो।



घाटु नाचः व्यास नगर प्रज्ञा प्रतिष्ठान तनहुँको आयोजनामा आयोजित व्यास नगर बहुजातीय सांस्कृतिक महोत्सवसमा निर्मल माध्यमिक विद्यालयका छात्राहरु गुरुङ समुदायको घाटु नाच प्रस्तुत गर्दै। महोत्सव यही फागुन ७ देखि ९ गतेसम्म दमौलीको अनसन चौतारीस्थित खुलाचौरमा आयोजना गरिएको छ। तस्बिर : सानेबहादुर नेपाली/रासस

# स्वाइन फिभरले १८ बङ्गुर मरेपछि ओसारपसारमा रोक, सतर्कता अपनाउन आग्रह

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ फागुन

अफ्रिकन स्वाइन फिभर रोगबाट जिल्लामा बङ्गुर मर्न र बिरामी हुन थालेपछि ओसार पसारमा प्रतिबन्ध लगाइएको छ। यहाँ १८ वटा बङ्गुर मर्नाका साथै केही बिरामी भएपछि ओसार-पसारमा रोक लगाइएको हो।

जिल्लामा एक महिनाअघि यस रोगको सङ्क्रमण देखिएको थियो। त्यसयता जिल्लाको भीमादमा १४, शुक्लागण्डकी नगरपालिकामा दुई, व्यासमा एक र ऋषिङमा एक बङ्गुर मरेका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख डा राजेश चौधरीले जानकारी दिनुभयो। बाह्य मानिसलाई फार्ममा जान नदिन, सतर्कता अपनाउन र बङ्गुर तथा सुँगुर ओसार-पसारमा प्रतिबन्ध लगाइएको उहाँले बताउनुभयो। डा चौधरीले भन्नुभयो, "केन्द्रका पशु चिकित्सक र प्राविधिक टोलीले हाल जिल्लाका बङ्गुर फार्ममा पुगेर अनुसन्धान गरिरहेका छन्। बङ्गुर मरेका फार्ममध्ये ऋषिङबाट पाँच, व्यासबाट पाँच र बङ्गुर नमरेका फार्मबाट दुईवटा गरी १२ वटा बङ्गुरको नमूना परीक्षणका लागि पशुपन्छी रोग अन्वेषण प्रयोगशाला पोखरा पठाइएको छ।" यहाँका १० पालिकामध्ये भिमाद, शुक्लागण्डकी र व्यास गरी तीन नगरपालिकामा 'अफ्रिकन स्वाइन फिभर'को सङ्क्रमण देखिएको हो। सबैभन्दा बढी भिमाद नगरपालिका यस रोगबाट प्रभावित भएको छ। जिल्लामा १३ हजार ५०० किसानले ४० हजार बङ्गुर पालेका पशु सेवा विज्ञ केन्द्रले जनाएको छ।

यो रोग किर्नाको टोकाइ, दूषित दानापानी, सङ्क्रमित भाँडाकुँडा तथा कपडाबाट तथा सङ्क्रमित सुईबाटसर्ने हुँदा सतर्कता अपनाउन पशु चिकित्सकले सल्लाह दिएका छन्। महामारीका रूपमा रहेको यस रोगको उपचार नहुने भएकाले उच्च जैविक सुरक्षा अपनाउन किसानलाई आग्रह गरिएको छ।

उक्त रोगविरुद्ध हालसम्म कुनै 'भ्याक्सिन' नबनेकाले सङ्क्रमण नफैलिएका अन्य पालिकामा पनि किसानलाई सतर्कता अपनाउन आग्रह गरिएको छ। बङ्गुरमा उच्च ज्वरो आउने, खाना मन नगर्ने, झोक्राउने, पेट तथा कानमा रगतका धब्बा देखापर्ने, एकैपटक धेरै सुँगुर बङ्गुर बिरामी पर्ने र मर्ने जस्ता लक्षण देखिने गरेको डा चौधरीले बताउनुभयो।

# आठ महिनामा ७५ हजारले गरे गोरखा दरबार सङ्ग्रहालयको भ्रमण

**पोखरापत्र संवाददाता**
गोरखा, ८ फागुन

नेपाल एकीकरणको इतिहास अध्ययन गर्ने थलोका रूपमा विकास हुँदै गएको गोरखा दरबार सङ्ग्रहालयमा आठ महिनाको अवधिमा ७५ हजारभन्दा बढीले अवलोकन भ्रमण गरेका छन्।

चालु आर्थिक वर्षको साउनदेखि माघसम्ममा आन्तरिक र बाह्य पर्यटक गरी ७५ हजार ७९१ जनाले सङ्ग्रहालयको अवलोकन भ्रमण गरेका सङ्ग्रहालयका प्रमुख जयनारायण कार्कीले जानकारी दिनुभयो।

उहाँका अनुसार सङ्ग्रहालयको भ्रमण गर्नेमध्ये सबैभन्दा धेरै शैक्षिक भ्रमणमा आउने विद्यार्थीहरू छन्। "गोरखा दरबार सङ्ग्रहालयमा नेपाल एकीकरणको इतिहास बुझ्न र अध्ययन गर्न पाइन्छ", प्रमुख कार्कीले भन्नुभयो, "शैक्षिक भ्रमणका सिजनमा धेरै जिल्लाबाट यहाँ अवलोकन गर्न विद्यार्थीहरू आइपुग्छन्।"

यस्तै, सार्क राष्ट्र र अन्य देशका पर्यटकसमेत गोरखा दरबार सङ्ग्रहालय घुम्न आउने गरेको उहाँको भनाइ छ। प्रमुख कार्कीकाअनुसार साउनयता सङ्ग्रहालयको भ्रमण गर्नेहरूमा ४३ हजार ८४८ जना विद्यार्थी छन्। यस्तै, ३० हजार ७०४ जना आन्तरिक, एक हजार १६६ जना तेस्रो मुलुक र ७३ जना सार्क राष्ट्रभित्रका पर्यटकले सङ्ग्रहालयको भ्रमण गरेका छन्। सङ्ग्रहालयमा पर्यटकहरूले नेपाल एकीकरणकर्ता पृथ्वीनारायण शाहलगायत शाहवंशीय राजाहरूको इतिहास अध्ययन गर्न पाउने व्यवस्था छ। सङ्ग्रहालयमा पृथ्वीनारायण शाहको चिना, भाँडाकुँडा, मानापाथी, हातहतियार तथा विभिन्न कलात्मक सामग्रीहरू अवलोकनका लागि राखिएका छन् भने काष्ठकलाले भरिपूर्ण तीनमुखे झ्याल, टुँडाल, १६ वटा थामको कलात्मक बरण्डा सङ्ग्रहालयको थप आकर्षणका रूपमा रहेको छ।

यस्तै, विभिन्न जातजातिको संस्कृति र परम्परा झल्कने डमी, दिव्य उपदेश कक्ष, वंशावली कक्ष, धार्मिक परम्परा कक्षलगायत १२ वटा प्रदर्शनीकक्ष सङ्ग्रहालयमा रहेका छन्। यो सङ्ग्रहालय विंस २०६५ देखि सञ्चालनमा आएको हो।

# सिद्धार्थ आधारभूत विद्यालयको ३४ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ८ फागुन

पोखरा महानगरपालिका वडा नं १३ स्थित श्री सिद्धार्थ आधारभूत विद्यालयको ३४ औं वार्षिकोत्सव अभिभावक दिवस एवं पुरस्कार वितरण कार्यक्रम वुधवार सम्पन्न भयो।

वडा नं १३ का वडा सदस्य रजनी परियारले कार्यक्रमको उद्घाटन गर्दै विद्यालय सुधार गर्नको लागि विद्यार्थी, शिक्षक र अभिभावक एक ढिक्का भएर अगाडि बढ्नु पर्ने धारणा राखिन्। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण प्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अम्बिका वराल क्षेत्री, समाजसेवी भोजराज बराल, शिक्षा प्रेमी बसन्तराज बराल, मन खुसी खाद्य उद्योगी सञ्चालिका काशी गुरुङ, पत्रकार तथा लेक सिटी कलेजका सहायक



क्याम्पस शोभाकान्त सिग्देल र शिक्षा महाशाखाका वरिष्ठ अधिकृत कृष्ण भण्डारी लगायत वोलेको कार्यक्रममा विद्यालयका शिक्षिक भगवती वरालले स्वागत र विद्यालयका शिक्षक किरणमणि अधिकारीले संचालन गरेका थिए। बालबालिकाहरूको विभिन्न संस्कृतिक कार्यक्रम प्रस्तुत गर्नुका साथै विभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको थियो। यस सँगसँगै पत्रकार शोभाकान्त सिग्देलको सोही दिन श्रीमती संम्झन सिग्देलको जन्मदिन परेको हुँदा विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई अर्गानिक खाजा खुवाउने भनी नगद रु ७ हजार रूपैयाँ विद्यालयकी प्र.अ बराल क्षेत्रीलाई हस्तान्तरण गरे।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कम्पन्नीको नाम परिवर्तन बारेको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/०९**

२०८०/०७/१३ मा सम्पन्न साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी कर्म फ्लाइट्स एडभेन्चर एण्ड ट्रेक्स प्रालिको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नुपर्ने बेहोर्नुपर्ने कर दायित्व गरि परिवर्तित नाम कर्मट्रेक्स एण्ड एडभेन्चर विथ प्रपोज प्रालिको कम्पन्नीले सकार्ने व्यहोर्ने, कर दायित्व तथा नाम सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा नाम परिवर्तन गरी कर्मट्रेक्स एण्ड एडभेन्चर विथ प्रपोज प्रालि राखिएको व्यहोरा जानकारी गराइन्छ।

# बेनी नगरपालिकामा गौरवका योजना कार्यान्वयन

रासस
म्याग्दी, ८ फागुन

म्याग्दीको बेनी नगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा १२ गौरवका आयोजना कार्यान्वयन गरेको छ।

सडक, पर्यटन, कृषि र शैक्षिक संस्थाका पूर्वाधार निर्माण सम्बन्धी रु. नौ करोड ४७ लाख बजेट बिनियोजन भएका दुई वटा सम्पन्न, चार वटा निर्माणाधिन र तीन वटा ठेक्का प्रक्रीयामा रहेका नगरपालिकाले जनाएको छ । थप तीन वटा योजनाको ठेक्का आव्हानको तयारीमा छन् ।

बेनी नगरपालिकाका ईञ्जिनियर सुदिप गौतमले रु. २५ लाख बजेट बिनियोजन भएको बेनी-लभ्लिहिल-ज्यामरुकोट सडक स्तरोन्नति र रु. ३० लाख ५० हजार बजेटको कालिपुल कृषि भवनको ठेक्का सम्झौता गरेका निर्माण कम्पनीले काम सम्पन्न गरिसकेका बताउनुभयो।

बेनी-लभ्लहिल-ज्यामरुककोट सडकको रु. २० लाख १७ हजार सात सय छ र कालिपुल कृषि भवन निर्माणका लागि रु. २६ लाख पचास हजारमा सम्झौता गरेका थिए । संघीय सरकार र बेनी नगरपालिकाको ५०/५० प्रतिशत साझेदारीमा रु. तीन करोड बजेट बिनियोजन भएको बेनी-अर्थुङ्गे-तोरीपानी-पात्लेखेत सडकको ८० प्रतिशत भौतिक प्रगति भएको ईञ्जिनियर गौतमले बताउनुभयो ।

गत पुष १९ गते रु. दुई करोड नौ लाखमा ठेक्का सम्झौता गरेको विवेक-दुप्चेश्वर-शुभम् जेभीले बेनी नगरपालिका-७ खानेपानी कार्यालय नजिकै सडकको प्रवेशबिन्दु, कुरिलाखर्कको रातो पहिरो, आँपरुखको घुम्ती र नेप्टेचौर स्थित बेनपा-९को वडा कार्यालय देखि गिठिनी हुदै पात्लेखेत तर्फ साँघुरो र अप्ठ्यारो ठाउँमा सुधारको काम अन्तिम चरणमा पुऱ्याएको हो ।

बेनी नगरपालिका र रघुगङ्गा गाउँपालिकाको सात वटा वडालाई सदरमुकाम बेनीबजारसँग जोड्ने बेनी-अर्थुङ्गे-तोरीपानी-पात्लेखेत सडक बेनी नगरपालिकाको सबै भन्दा ठूलो र धेरै बजेट भएको योजना हो । रु. ६२ लाख ६७ हजार आठ सय ३८ मा ठेक्का सम्झौता भएको अर्थुङ्गे-पुलाचौर र रु. ७५ लाख ९७ हजार चार सय ५२ मा ठेक्का सम्झौता भएको महारानीथान-छाप-डाँडाखेत सडकको २०/२० प्रतिशत भौतिक प्रगति भएको छ ।

रु. एक करोड बजेट बिनियोजन भएको महारानीथान-छाप-डाँडाखेत सडक योजनामा गण्डकी प्रदेश सरकार र बेनी नगरपालिकाको ५०/५० प्रतिशत लागत साझेदारीमा सञ्चालन भएको हो । रु. ५९ लाख ८८ हजार एक सय ७० मा ठेक्का सम्झौता भएको रत्नेचौरको परम वैदिक सनातन धार्मिक आश्रम र श्रीलक्ष्मीहरी मन्दिरको पुर्वाधार निर्माणको आठ प्रतिशत प्रगति भएको छ । गण्डकी प्रदेश सरकारले रु. ४० लाख बिशेष अनुदान उपलब्ध गराएको पशु बधशाला निर्माण योजनाको ठेक्का प्रस्ताव मूल्याङ्कनको चरणमा छ । रु. ३० लाख बिनियोजन भएको गलेश्वर बजार सौन्दर्यकरण योजनाको ठेक्का सम्झौताको चरणमा रहेको र रु. ७२ लाख बजेट रहेको बेनी-पुलाचौर सडकको लागत अनुमान तयार गरेर ठेक्का आव्हानको प्रक्रीयामा छ ।

रु. २५ लाख बिनियोजन भएको बेनीको खुल्ला मञ्च खेलमैदान र संघीय सरकारको रु. ६० लाख बिशेष अनुदान रहेको कालीगण्डकी स्वच्छता कार्यक्रम मार्फत म्याग्दी र कालीगण्डकी नदीको दोभानमा शवदाह र मलामी घर बनाउन ठेक्का आव्हानको तयारी गरेको नगर प्रमुख सुरत केसीले बताउनुभयो ।

उहाँका अनुसार खुल्ला मञ्च खेलमैदानका लागि संघीय सरकारबाट बिनियोजन भएको रु. २० लाख उपभोक्ता समिति मार्फत कार्यान्वयनको प्रक्रीया अघि बढेको छ । नमूना विद्यालय कार्यक्रम अन्तर्गत बेनी नगरपालिका-६ अर्थुङ्गेमा रहेको जामुनाखर्क माविमा प्रशासनिक, प्रयोगशाला भवन र घेराबार निर्माणका लागि बिनियोजन भएको रु. एक करोड बजेट योजना कार्यान्वयनका लागि ठेक्का आव्हान भएको छ ।

दश वटा वडा रहेका बेनी नगरपालिकाले बजेट बिनियोजन गरेका दुई सय ९९ वटा वडा स्तरीय योजना मध्य आर्थिक वर्षको सात महिनामा एक सय सात वटा सम्पन्न, ८५ वटा सम्झौता हुन बाँकी र एक सय सात वटा कार्यान्वयनमा रहेका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले बताउनुभयो ।

बेनी नगरपालिकाले पूर्वाधार आयोजनाहरूका लागि यस वर्ष रु. १२ करोड ४३ लाख २५ हजार बजेट बिनियोजन गरेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमका २१ वटा योजना मध्य चार वटा सम्झौता भएका र १७ वटा सम्झौता गर्न बाँकी छन् । रु. पाँच लाख सम्म बजेटका योजनाहरू वडा कार्यालयमै सम्झौता गर्ने व्यवस्था मिलाएको छ ।

योजनाको गुणस्तर कायम गर्न नियमित अनुगमन र प्रभावकारी बनाउनेतर्फ जोड दिएको नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो । सदरमुकामबाट वडा कार्यालय र मुख्य बस्ती जोड्ने मूल सडकलाई स्तरीय बनाउन प्राथमिकता दिएको उहाँले बताउनुभयो ।

# बाँझो जग्गामा ओखरखेती

पोखरापत्र संवाददाता
बागलुङ, ८ फागुन

बागलुङको तित्याङमा ओखरखेती विस्तार गरिएको छ । बसाइँसराइका कारण खेतीयोग्य जग्गा बाँझिदै गएपछि बागलुङ नगरपालिकाले बाँझो जग्गा सदुपयोग गर्न तित्याङमा करिब तीन सय रोपनी जग्गामा ओखरखेती थालेको छ ।

नगरपालिकाले गत वर्षदेखि बाँझो जग्गामा रहेका कुकाठ हटाउने अभियानसँगै सुक्खा फलफूलखेती गर्न स्थानीयलाई प्रेरित गर्न थालेको हो । बागलुङ नगरपालिका-९ तित्याङको डोय क्षेत्रमा गत वर्ष र यस वर्ष गरी २८० रोपनी जग्गामा ओखरखेती विस्तार गरिएको वडाअध्यक्ष राजु थापाले जानकारी दिनुभयो ।

तित्याङमा गत वर्ष प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत रु १० लाख र स्थानीयको रु आठ लाख लगानीमा एक सय ४० रोपनी जग्गामा दुई हजार २५० ओखरका बिरुवा लगाइएकामा यस वर्ष नगरपालिकाको रु १२ लाख र स्थानीयको रु आठ लाख गरी रु २० लाखमा जुरेढुङ्गा क्षेत्रको १४० रोपनी जग्गामा एक हजार ५०० ओखरका बिरुवा लगाउन थालिएको वडाअध्यक्ष थापाले बताउनुभयो । उहाँका अनुसार यस वर्ष रु २० लाखबाट बिरुवा खरिद, रोपण, सिँचाइ पोखरी निर्माण र मलखादको व्यवस्थापन गर्नेलगायत काम भइरहेका छन् । जुरेढुङ्गाका कृष्णबहादुर खड्का, रविन थापा र यामबहादुर थापालगायतको बाँझो जग्गामा व्यावसायिक ओखरखेती थालिएको छ । सिँचाइको अभाव रहेको र बाँझो जग्गामा सुक्खा फलफूलखेती राम्रो हुने भएकाले कुकाठ हटाएर बाँझो जग्गा सदुपयोग गर्न थालिएको बागलुङ नगरपालिका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो ।

पछिल्लो समय बसाइँसराइले गाउँबस्ती रित्तिँदै गएपछि उजाडिएको बारी र जङ्गल फाँडेर ओखरखेती विस्तार भइरहेको जुरेढुङ्गा कृषक समूहका अध्यक्ष लिलाबहादुर खड्काले बताउनुभयो । एक हजार ६०० मिटरदेखि तीन हजार मिटरसम्म लगाउन सकिने दाँते ओखरको 'थिनसेल' जातको बिरुवा बागलुङको हावापानीमा लगाउन सकिने भएकाले जुम्लाबाट बिरुवा ल्याएर रोपिएको नगरपालिकाकी कृषि प्राविधिक लछुता बरुवालले जानकारी दिनुभयो । प्रतिबिरुवा रु तीन सय २० मा बिरुवा ल्याइएको थियो । जुरे ढुङ्गाका किसानहरूले परम्परागत खेती गर्दै आएकामा नगरपालिकाले आवश्यक सहयोग र सहजीकरण गर्न थालेपछि सामूहिक रूपमा ओखरखेती गर्न थालेका हुन् । यस वर्ष जुरे ढुङ्गा कृषक समूहलाई एक हजार ५०० बिरुवा हस्तान्तरण गरेर ओखरखेती विस्तार सुरु गरिएको कृषि प्राविधिक बरुवालले बताउनुभयो । उपप्रमुख खड्काले वडा नं ९ का किसानले सुन्तला र तरकारीसँगै ओखरखेतीलाई उच्च प्राथमिकता दिएकाले आगामी वर्ष पनि ओखरका थप बिरुवा वितरण गरिने बताउनुभयो ।

# ईशानेश्वर महादेव मन्दिर परिसर स्थित गौरीकुण्ड ओझेलमा

पोखरापत्र संवाददाता
लमजुङ, ८ फागुन

यहाँस्थित करापुटार ईशानेश्वर महादेव मन्दिर परिसरमा गौरीकुण्डको पुनर्निर्माण गरिएको छ । गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयद्वारा विनियोजित रु दश लाख बजेटमा पुनःनिर्माण गरिएको हो ।

गण्डकी प्रदेश आर्थिक मामिलामन्त्री टकराज गुरुङले हालै नवनिर्मित कुण्डको शुभारम्भ गर्नुहुँदै प्रदेश सरकार ऐतिहासिकस्थलको संरक्षण गर्न प्रतिबद्ध रहेको बतातउनुभयो । इतिहासकारका अनुसार पार्वतीको दोस्रो नाम गौरीले अभिशेक गरेर महादेव उत्पन्न भएको स्थानमा सोही कुण्डको पानी लिएर जल अर्पण गरिएको हुनाले सो कुण्डको नाम गौरीकुण्ड रहेको किंवदन्ती पाइन्छ । जहाँदेखि श्रद्धालु भक्तजनले श्राद्धलगायत पूजापाठको लागि शुद्ध पानी लिएर महादेव मन्दिरमा चढाउने गर्दछन् । सन्तान नभएका महिला तथा पुरुष दुवैले शिवरात्रिको अवसरमा बत्ती बाल्ने प्रचलन छ र सन्तान प्राप्ति हुने भएकाले ईशानेश्वर महादेवलाई सन्तानेश्वर महादेव पनि भन्ने गरिन्छ । मध्यनेपाल नगरपालिका-७ का वडाध्यक्ष हीराबहादुर गुरुङले आर्थिक मामिलामन्त्री गुरुङलाई ईशानेश्वर महादेव मन्दिर निर्माण तथा संरक्षण आयोजनाको प्रतिवेदन हस्तान्तरण गर्नुभएको थियो । सन्तानेश्वर महादेव मन्दिरमा शिवरात्रिमा भारत बङ्गलादेश लगायतका हजारौँ श्रद्धालु भक्तजनको उपस्थिति रहने जनाउँदै नजिकिँदै गरेको शिवरात्रि पर्वलाई मध्यानजर गर्दै भक्तजनलाई सजिलोका लागि गौरीकुण्डको निर्माण सम्पन्न गरिएको महादेव क्षेत्र विकास समितिका अध्यक्ष गुणराज घिमिरेले बताउनुभयो ।

# आन्तरिक पर्यटनको प्रर्वद्धन गर्दै घार्मीका आमाहरु

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन

पोखरा १९ घार्मीका आमाहरुले आन्तरिक पर्यटन प्रर्वद्धन गर्न, छिमेकी जिल्लामा रहेका महत्वपुर्ण पर्यटकीय स्थलहरुको अवलोकनलाई प्राथामिकतामा राखेका छन् ।

प्रत्येक वर्ष नयाँ नयाँ ठाउको अवलोकन गर्ने गरेका आमाहरुले यस वर्ष तनहुँको प्रसिद्ध धार्मिक स्थल ढोरबाराही र बाजस्थला क्षेत्रको अवलोकन गरी धार्मिक तथा पर्यटकीय गतिविधीका बारेमा जानकारी लिएका हुन् ।

स्थानिय मनकामना आमा समुहमा आवद्ध करिव ५० जना आमाहरुको टोलीले बुधवार सो क्षेत्रमा पुगी आन्तरिक पर्यटन प्रर्वद्धन गरेको समुहका अध्यक्ष भगवती पौडेलले जानकारी दिईन् । आफ्नो गाउँ पनि पर्यटकीय स्थलको रुपमा विकास हुँदै गएको र आन्तरिक तथा वाह्रय पर्यटकको आवागमन बढ्दै गएकाले, अन्य क्षेत्रमा पनि के कस्तो पर्यटन प्रर्वद्धन भएको छ त्यसको जानकारी लिन अवलोकन भम्रण गरिएको अध्यक्ष पौडेलले बताईन् । ढोरबाराही महत्वपुर्ण धार्मिक क्षेत्र भए पनि सो क्षेत्रसँगै जोडिएको बाजस्थला भने ओझेलमा



परेको महशुस गरेको टोलीमा सहभागी महेन्द्र मावि घार्मीका प्रधानाध्यापक बासुदेव पौडेलले बताउनुभयो । अवलोकनसँगै बाजस्थला क्षेत्रको पदयात्रा गरेका अनिता वराल पौडेल, कमला घिमिरे र पार्वती दाहालले बाजस्थला प्रचुर पर्यटकीय संभावनाको क्षेत्र रहेको बताउँदै, यसको विकास र प्रचारमा स्थानिय सरकारको चासो आवश्यक रहेकोमा जोड दिए । अवलोकनका लागि पुग्नु भएकी ८६ वर्षिया तुलसी पौडेलले वृद्ध उमेरमा पनि यस्ता महत्वपुर्ण क्षेत्रको अवलोकन गर्न पाउँदा निकै खुशी लागेको अनुभव सुनाउनुभयो । शुक्लागण्डकी नगरपालिका वडा नं. ९ मा पर्ने सो स्थलवाट पृथ्वी साजमार्ग सहित त्यस आसपासको रमणिय दृश्यको अवलोकन गर्न सकिन्छ ।

दलित र जनजाति समुदायको बाहुल्यता रहेको सो क्षेत्रमा परम्परागत घरहरु देख्न पाईन्छ ।उक्त क्षेत्रको विकासका लागि टोल विकास समिति सक्रिय रहेको बताईन्छ ।त्यहाँ रहेको बाजस्थला टेडिस्नल होम रिर्सोटले दृश्यावलोकनका लागि पुग्ने आन्तरिक तथा वाह्रय पर्यटकलाई परम्परागत खाना र वासको सुविधा दिएको छ भने रिर्सोटमा गाउँ घरमा प्रयोग हुने परम्परागत सामाग्री समेत प्रर्दशनीमा राखेको छ ।

पर्यटकीय वातावरण बनाउँन र पर्यटन विकासमा महिलालाई सक्रिय बनाउँन पनि विभिन्न ठाउँको अवलोकन गर्ने गरी वार्षिक कार्य तालिका नै बनाईएको समुहका सचिव लिलादेवी पौडेलले जानकारी दिनुभयो । समुहले यसअघि आन्तरिक पर्यटन प्रर्वद्धन गर्ने उद्धेश्यले स्याङ्जाको दरौं सिरुवारीको अवलोकन गराएको थियो ।

# म्याग्दीको दुर्गम बस्ती बगरमा सडक सञ्जालबाट जोडियो

पोखरापत्र संवाददाता
म्याग्दी, ८ फागुन

म्याग्दीको धवलागिरि गाउँपालिका-४ मुदीको दुर्गम बस्ती बगर गाउँमा सडकको पहुँच पुगेको छ । सोही वडाको नाउरामा पुगेको सडकलाई ६५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत आयोजनाले पहुँचमार्ग निर्माणको क्रममा बगर स्थित जेल्टुङ बस्तीमा सडकको पहुँच पुगेको हो ।

नाउरादेखि म्याग्दी खोलाको किनार हुँदै भिर पहाड काटेर छ किलोमिर लामो सडकको ट्र्याक निर्माण भएपछि बगरको जेल्टुङ सडकको पहुँचमा जोडिएको म्याग्दीखोला जलविद्युत आयोजना प्रमुख ज्योतिकुमार केसीले जानकारी दिनुभयो । ट्र्याक खोल्न बाँकी रहेको नाउराको भिर छिचोलिएसँगै बुधबार जेल्टुङमा पहिलो पटक बोलेरो जीप पुगेको थियो । चक्रीय धौलागिरि पदमार्ग अन्तरगत अन्तिम मानव बस्तीको रूपमा रहेको बगर सडक सञ्जालले जोडिएसंगै स्थानीयबासीलाई गाउँपालिकाको केन्द्र र जिल्ला सदरमुकाम आवत जावत गर्न सहज भएको धवलागिरि गाउँपालिका- ४ मुदीका वडा अध्यक्ष यामप्रसाद घर्तिमगरले बताउनुभयो । सडकले बगर र जेल्टुङ गाउँका करिब ६० घरधुरी लाभान्वित भएका छन् ।

यसअघि नाउराको अक्करे भिरमा बनाइएको गोरेटो बाटो हुँदै करिब २ देखि ३ घण्टा लाग्ने बाटो सडक सञ्जालले ३० मिनेटमा छोटिएको छ । सडकको पहुँच विस्तार भएसंगै उर्जा डेभलपर्स प्रा.लि. अन्तगत रहेको हाइड्रो भिलेज प्रा.लि प्रवर्द्धक रहेको ६५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युतको जेल्टुङमा विद्युतगृहको लागि बंकर घर र क्याम्प लगायतका पूर्वाधार निर्माण सुरु हुने भएको छ । यस आयोजनाको बाँधस्थल रहने दोभानसम्म थप ११ किलोमिटर सडकको पहुँच विस्तार गर्ने कार्यसंगै विद्युतगृह, सुरुङमार्ग निर्माणको काम एकैसाथ अघि बढाउने आयोजनाले जनाएको छ । धवलागिरि गाउँपालिका- ४ को चेचुङ गाउँमा हालै ३७ मेगावाट क्षमताको अपर म्याग्दी जलविद्युत आयोजनाले सडकको पहँच विस्तार गरेको थियो । यस वडाको अर्चे र नेरवाङमा अझै सडक पुग्न सकेको छैन् ।


## नर्सिङ लाइसेन्स हराएको सूचना

**म अनु थापाको जिएमसी हस्पिटलदेखि बिरौटा जाने क्रममा नेपाल नर्सिङ काउन्सिलको नर्सिङ लाइसेन्स हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Name: Anu Thapa
Registration No: 82544
**ठेगाना: पोखरा–१७, छोरेपाटन**
**सम्पर्क नं.: ९८२६६४३५९६**


# पत्रकार सुमन ढुंगाना 'दिगो विकास प्रवर्द्धन अवार्ड २०८१' बाट सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, ८ फागुन

वरिष्ठ सञ्चारकर्मी सुमन ढुंगाना 'दिगो विकास प्रवर्द्धन अवार्ड २०८१' बाट सम्मानित भएका छन् ।

दिगो विकासका लागि राष्ट्रिय युवा सञ्जालले दिगो विकास प्रवर्धनका लागि खोजमुलक पत्रकारिता मार्फत अमुल्य योगदान दिएको भन्दै 'दिगो विकास प्रवर्धन अवार्ड २०८१' बाट न्युज २४ टेलिभिजनका गण्डकी ब्युरो प्रमुख सुमन ढुंगाना सम्मानित भएका हुन् । उनीसँगै १२ दिनमा ३ पटक सर्बोच्च शिखर सगरमाथाको आरोहण गर्ने फोटो पत्रकार पूर्णिमा श्रेष्ठ पनि सम्मानित भएकी छिन् ।

बिहीबारबाट पोखरामा शुरु भएको नेपाल युवा उत्सवमा देशका ७७ वटै जिल्लाबाट प्रतिनिधि सहभागी छन् । त्यस्तै कार्यक्रममा सहभागीलाई दिगो विकासमा युवाको भूमिका सम्बन्धमा प्रशिक्षण गराउन भारत स्थित क्यानाडा दूतावासका फस्ट सेक्रेटरी सहित विभिन्न दातृ निकायका अधिकारीहरू पोखरा आएका छन् ।

कार्यक्रममा बोल्दै सम्मानित पत्रकार ढुङ्गानाले युवाहरू स्वदेशबाट कम हुँदै गएको गलत भास्य स्थापित गर्दै स्वदेशमै केही गरौं भन्ने युवाहरूलाई अवमूल्यन गर्न खोजिएको धारणा व्यक्त गरे । त्यस्तै कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्री पद्मा जिसीले युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरी स्वदेशमा नै काम गर्ने वातावरण निर्माणका लागि गण्डकी सरकार लागिपरेको बताइन् । राष्ट्रिय युवा सञ्जालले यसभन्दा अगाडि देशका विभिन्न ठाउँमा गरी नौ पटक नेपाल युवा उत्सव मनाइसकेको छ । सञ्जालका अध्यक्ष सौरभ खनालले आगामी अगस्ट महिनामा पर्यटन, वातावरण र युवा केन्द्रित कार्यक्रम पोखरामैगर्नेबताउँदैसोकार्यक्रममा युरोपेली, अमेरिकी लगायतका थुप्रै देशहरूबाट युवाहरूको सहभागिता गराउने घोषणा गरे ।

त्यस्तै वातावरणविद अमृत देवकोटा संस्थापक रहेको सञ्जालले दिगो विकास, जलवायु परिवर्तनले पारेको असर लगायतका विषयमा केन्द्रित रहेर युवा लक्षित अभियान सञ्चालन गर्दै आइरहेको छ । बिहीबारबाट सुरु भएको नेपाल युवा उत्सव शनिबारसम्म पोखराको लेकसाइडमा चल्दैछ ।